आज मिति २०७४।३।१६ गतेका दिन यस परशुराम नगरपालिका नगरकार्यपालिकाको छैटौं बैठक नगर प्रमुख श्री भरतबहादुर जोशी ज्यूको अध्यक्षतामा दिउँसो ४.०० बजे तपशिलको उपस्थितिमा बसी देहायको निर्णय गरियो।

उपस्थिति

| | | |
|---|---|---|
| (दस्तखत) | नगर प्रमुख | श्री भरत बहादुर जोशी |
| (दस्तखत) | नगर उपप्रमुख | श्री विमला कुमारी बोहरा |
| (दस्तखत) | १ नं. वडाअध्यक्ष | श्री लाल ब. धामी |
| (दस्तखत) | २ " | श्री रमेश ब. बोहरा |
| (दस्तखत) | ३ " | श्री नरेश ब. खवास |
| (दस्तखत) | ४ " | श्री विश्राम सिं बोहरा |
| (दस्तखत) | ५ " | श्री दिल ब. शाही |
| (दस्तखत) | ६ " | श्री खगेन्द्र ब. सिंह |
| (दस्तखत) | ७ " | श्री कर्ण ब. धामी |
| Dinesh | ८ " | श्री दिनेश प्र. जोशी |
| (दस्तखत) | ९ " | श्री देव ब. बोहरा |
| (दस्तखत) | १० " | श्री रामकुमार भाट |
| Prakash | ११ " | श्री प्रकाश ऐर |
| (दस्तखत) | १२ " | श्री महाविर कामी |
| (दस्तखत) | नगरकार्यपालिका स. | श्री कु. मीना जोरा भण्डारी |
| (दस्तखत) | " | श्री हरा खाती |
| (दस्तखत) | " | श्री विमला खाती |
| (दस्तखत) | " | श्री लिलावती कु. बोहरा |
| (दस्तखत) | " | श्री हेमन्ती दमाई |
| Hema | " | श्री गोरे लुहारे |
| (दस्तखत) | " | श्री जय ब. ओरखेडा |
| (दस्तखत) | " | श्री रविविराज कामी |
| (दस्तखत) | प्रमुख प्र. अ. | श्री तारानाथ पनेरु |
| (दस्तखत) | शाखा अ. | श्री कृष्णदेव जोशी |
| (दस्तखत) | लेखा अ. | श्री धन ब. खडायत |
| (दस्तखत) | कानून अ. | श्री गोविन्दराज जोशी |
| | सू. प्र. अ. | श्री दिपेन्द्र जोशी |

**परशुराम नगरपालिका नगरकार्यपालिकाको मिति २०७९।०३।०९ गतेको वैठकका निर्णयहरु**

**निर्णय नं. १**

आगामी आ.ब. २०७९/०८० को नीति, कार्यक्रम र योजना तथा बजेटको बारेमा व्यापक छलफल गरियो । उक्त नीति, कार्यक्रम र योजना तथा बजेटमा आवश्यक संशोधन तथा परिमार्जन गरी अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो । विभिन्न विषयगत समिति, वडाहरुबाट प्राप्त कार्यक्रमहरु, विषयगत शाखा, गैर सरकारी संघ संस्थाहरुबाट प्राप्त योजना तथा कार्यक्रमहरुमाथि छलफल गरि अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २

यस परशुराम नगरपालिकाकाको आगामी आ. व. २०७९।०८० को लागि प्रस्तावित आर्थिक विधेयक २०७९, विनियोजन विधेयक २०७९, राजस्व प्रतिवेदन २०७९, न्यायिक समिति र विषयगत समितिका निर्णयहरु, प्रतिवेदनहरु माथी ब्यापक छलफल गरियो साथै उक्त विधेयकहरु र प्रतिवेदनहरु अनुमोदनका लागि नगरसभामा पेस गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

यस परशुराम नगरपालिकाको नगरसभाको एघारौं अधिवेशनलाई सभ्य भब्य रुपमा सफलताका साथ सम्पन्न गर्न सम्पूर्ण सदस्यहरुले आ- आफ्नो स्थानबाट सहयोग गर्ने, नगरसभामा सवै सदस्यहरु, कर्मचारीहरुले परिचयपत्र सहित औपचारिक पोषाकमा उपस्थित हुनुपर्ने, सभामा आफ्नो पालोमा मात्र बोल्ने, सभाध्यक्षज्यूको निर्देशनको पूर्णपालन गर्नुपर्ने र परशुराम नगरपालिकाको नगरसभा सञ्चालन कार्यविधि २०७४ बमोजिम नगर सभा वैठकमा पालन गर्नुपर्ने आचरणहरु पूर्ण रुपमा पालन गरी मर्यादापूर्वक सम्पन्न गर्ने निर्णय गरियो । साथै सभाको उद्घाटन समारोहमा औपचारिक पोषाक, परिचय पत्र सहित प्रति संचार

माध्यमबाट एक जना पत्रकारलाई मात्र प्रवेशका लागि अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

आगामी आ.ब.२०७९/०८० को नीति तथा कार्यक्रममा निजी क्षेत्र साझेदारी कार्यक्रमलाई अवलम्बन गर्ने नीति पारित गर्नका लागि नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

नगरपालिकाको सन्तुलित एवं समावेशी विकासका लागि सामाजिक समावेशीकरणको नीति अवलम्बन गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ६**

हालसम्म यस परशुराम नगरपालिकाको नगरकार्यपालिका वैठकहरुबाट भए गरेका निर्णयहरु कार्यान्वयन भए नभएको सम्बन्धमा ब्यापक समिक्षा गरियो । समिक्षाको क्रममा कार्यान्वयन हुन नसकेका विषयबस्तुहरुमा तदारुकताका साथ सम्पादन गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

हालसम्म सम्पन्न विभिन्न विषयगत समितिहरु, उपसमितिहरुबाट भए गरेका निर्णयहरु र कार्यपालिकाको कार्यालयले सम्पादन गरेका कामहरु, महालेखापरिक्षकको प्रतिवेदन सम्बन्धमा ब्यापक छलफल गरियो र अनुमोदनका लागि आगामी नगरसभामा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ०८**

यस परशुराम नगरपालिकाको हालसम्मको राजस्व नगरपालिकाको कार्यालयमा दाखिला नगरेका वडाहरुले २०७९ जेठ मसान्त सम्मको राजस्व यथाशिघ्र दाखिला

गर्नुपर्ने र असार महिनाको राजस्व २०७९ असार २० गते भित्र परशुराम नगरपालिकाको नेपाल बैंक लिमिटेड जोगबुडाको आन्तरिक राजस्व खातामा जम्मा गर्नुपर्ने निर्णय गरियो ।